# नेपाल गजेट

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ११] काठमाडौं, माघ १२ गते २०१८ साल [अतिरिक्ताङ्क ३८

श्री ५ को सरकार

### विकास मन्त्रालय

श्री ५ को सरकारले बनाएको तल लेखिए बमोजिमको गाउँपञ्चायत (निर्वाचन संबन्धी) नियमहरू, २०१८ सर्वसाधारण जनताको जानकारीको लागि प्रकाशित गरिएको छ।

## गाउँपञ्चायत (निर्वाचन सम्बन्धी) नियमहरू, २०१८

गाउँ पञ्चायत ऐन, २०१८ को दफा ७५(२) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छः–

### परिच्छेद—१

#### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम "गाउँपञ्चायत (निर्वाचन सम्बन्धी) नियमहरू, २०१८" रहेको छ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन्।

२. परिभाषाः– (१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यी नियमहरूमा–

(क) "ऐन" भन्नाले गाउँपञ्चायत ऐन, २०१८ सम्झनुपर्छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) "निर्वाचन" भन्नाले गाउँपञ्चायतको सदस्य चुन्न गरिएको निर्वाचन सम्झनु पर्छ ।

(ग) "उम्मेदवार" भन्नाले यी नियमहरू अनुसार गाउँपञ्चायतको सदस्यताको निमित्त खडा भएको व्यक्ति सम्झनु पर्छ ।

(घ) "रिर्टनिङ्ग अफिसर" भन्नाले नियम ४ अन्तर्गत स्थानीय हाकिमले नियुक्त गरेको व्यक्ति सम्झनु पर्छ ।

(ङ) "मतदाता" भन्नाले ऐनको दफा ५ बमोजिम गाउँसभाको सदस्य हुन पाउने व्यक्ति सम्झनु पर्छ ।

(च) "डाइरेक्टर" भन्नाले स्वायत्त शासन विभागको डाइरेक्टर सम्झनुपर्छ ।

(२) यी नियमहरूमा प्रयोग गरिएका तर ऐनमा परिभाषा गरिएका शब्द तथा वाक्यांशको अर्थ ऐनमा दिए बमोजिमकै हुनेछ ।

## परिच्छेद—२

### गाउँसभाको स्थापना

३. गाउँसभाको स्थापनाः– (१) कुनै गाउँ वा मौजा वा गाउँ वा मौजाको समूहलाई गाउँसभा घोषित गर्नुपरेमा स्थानीय हाकिमले त्यस्तो गाउँसभाको चार किल्ला र जनसंख्या तोक्न आवश्यक जांचबूझ गर्नेछ, र ती सबै कुरा तोकी अनुसूचीमा दिइएका फाराम नं. (क) भरी त्यस इलाकालाई गाउँसभा घोषित गर्ने आदेश जारी गर्नेछ ।

(२) उपनियम (१) बमोजिम कायम गरिने गाउँसभाको इलाकाको जनसंख्या लगभग दुईहजार हुनेछ ।

तर स्थानीय हाकिमले चाहेमा त्यस्तो जनसंख्यामा थपघट गर्न सक्नेछ ।

(३) उपनियम (१) बमोजिम आदेश जारी भएको मितिले १ दिनभित्र त्यस गाउँसभाको इलाका थपघट गर्नेबारे कुनै निवेदन पर्नआई स्थानीय हाकिमले मनासिब देखेमा थपघट गरी तुरुन्त अर्को आदेश जारी गर्नेछ, र त्यस इलाकामा गाउँसभाको स्थापना गरिनेछ ।

(४) उपनियम (१) बमोजिम जारी गरेको आदेशको एक एक प्रति त्यस गाउँसभाको इलाकामा सबैले देख्ने ठाउँमा र पञ्चायत सुपरभाइजरको अफिसमा टांस्नुपर्छ ।

(५) गाउँसभाको इलाकाभित्र जुन गाउँ सबभन्दा माझमा पर्छ सोही गाउँको नामबाट गाउँसभाको नामकरण गरिनेछ ।

तर माझमा पर्ने त्यस्तो गाउँ सानो र महत्वहीनको रहेछ भने त्यस्तो माझको गाउँसंग जोडिएको अन्य कुनै गाउँको नामबाट त्यस्तो इलाकाको गाउँसभाको नामकरण गरिनेछ ।

३२८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद--३

### निर्वाचन सम्बन्धित अफिसरको नियुक्ति, मतदाताको नामावली र निर्वाचन बारे

४. निर्वाचन सम्बन्धी अफिसरको नियुक्तिः– (१) निर्वाचन गराउन स्थानीय हाकिमले रिटर्निङ्ग अफिसरको नियुक्ति गर्नेछ। रिटर्निङ्ग अफिसरलाई निर्वाचन सम्बन्धी काममा मरमद्दत दिन स्थानीय हाकिमले आवश्यकतानुसार पोलिङ्ग अफिसरहरूको नियुक्ति गर्न सक्नेछ।

(२) प्रत्येक रिटर्निङ्ग अफिसरले स्थानीय हाकिमको नियन्त्रण, रेखदेख र निर्देशनमा रही चुनाव सम्बन्धी सबै काम कुरा गर्नेछ।

५. मतदाताको नामावली र त्यसको प्रकाशनः– (१) नियम ३ बमोजिम गाउँसभाको स्थापना भएपछि प्रत्येक गाउँसभाको इलाकालाई नौ वडामा विभाजित गरिनेछ र रिटर्निङ्ग अफिसरले त्यस्तो वडाको मतदताताको नामावली (यसपछि "नामावली" भनिएको) को छुट्टाछुट्टै लगत तैयार पारी सबैले देख्ने गरी सम्बन्धित वडामा टाँस्नुपर्छ।

(२) एउटा मतदाताको नाम एउटा वडाको नामावलीमा दर्ता गर्नुपर्छ। दोहोरो पारी अर्को वडाको नामावलीमा दर्ता गर्न वा गरेको हुनु हुँदैन।

(३) मतदाताको नामावलीमा मतदाताको नाम, थर, वतन र बाबु वा पतिको नाम लेख्नुपर्छ।

६. उजूरी पत्र दिनेबारेः– (१) नामावलीमा दर्ता गर्न छुटेको नाम दर्ता गराउन वा दर्ता भएको नाम कटाउन वा दर्ता भएको नाम सच्याइमाग्न चाहने व्यक्तिले नियम ५ को उपनियम (१) बमोजिमको नामावली टाँस भएको मितिले एक दिनभित्र रिटर्निङ्ग अफिसरछेउ उजूर दिनू भन्ने कुराको सूचना त्यस गाउँसभाको इलाकामा ठाउँ ठाउँमा टाँसी सो कुराको झ्याली वा ढोल पिटाउनुपर्छ।

(२) नामावलीमा दर्ता हुन छुटेको नाम दर्ता गराइमांग्न उपनियम (१) बमोजिम उजूर गर्न चाहने व्यक्तिले सबै व्यहोरा खोली दाबीपत्र पेश गर्नुपर्छ।

(३) नामावलीमा दर्ता भएको कसैको नाम कटाउन वा दर्ता भएको कुनै व्यहोरा सच्याइमांग्न उपनियम (१) बमोजिम उजूर गर्न चाहने व्यक्तिले सबै व्यहोरा खोली विरोधपत्र पेश गर्नुपर्छ।

(४) गाउँसभाको एक वडाको नामावलीबाट अर्को वडाको नामावलीमा नाम सारी गराइमांग्न चाहने व्यक्तिले नाम दर्ता भएको वडामा नाम कटाउन उपनियम (३) बमोजिमको विरोधपत्र पेश गर्नुपर्छ र त्यसपछि नाम दर्ता गराउन चाहेको वडामा उपनियम (२) बमोजिमको दावीपत्र पेश गर्नुपर्छ।

(५) यस नियम अन्तर्गत दावी वा विरोधपत्र पेश गर्दा त्यस्तो दावी वा विरोध पत्र पत्रमा दावी वा विरोध गर्ने व्यक्तिले सहिछाप गरी आफैं वा वारेसद्वारा पेशगर्नु पर्छ।

326

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. दावी र विरोधपत्रको निर्णयः– नियम ६ बमोजिम दावी वा विरोधपत्र पेश भएपछि सोही दिन रिटर्निङ्ग अफिसरले पेश हुनआएको सबै सबूद प्रमाणको जांचबूझ गरी त्यस्तो दावी वा विरोधपत्रको निर्णय गर्नुपर्छ र सो निर्णयानुसार नामावलीमा कुनै हेरफेर गर्नुपरेमा सोसमेत गरी सो सच्चिएको नामावली त्यस गाउँसभाको इलाकामा ठाउँ ठाउँमा र सम्बन्धित वडामा समेत टांस्नुपर्छ ।

८. स्थानीय हाकिमले नाम सच्याउन सक्नेः– नियम ५ बमोजिम प्रकाशित भएको नामावलीमा लेखाइ वा छपाइको कुनै भूल देखिएमा वा सो नामावलीमा मतदिन अधिकारपाएका मतदाताको नाम छुटेको वा मतदिन अधिकार नभएको व्यक्तिको नाम परेको छ भन्ने लागेमा स्थानीय हाकिमले त्यसको जांचबूझ गरी नियम ९ बमोजिम नामावलीको अन्तिम प्रकाशन हुनुभन्दा अगावै नामावली सच्याउन रिटर्निङ्ग अफिसरलाई आदेश दिन सक्नेछ ।

९. नामावलीको अन्तिम प्रकाशनः– नियम ५ बमोजिम प्रकाशित भएको वा नियम ७ बमोजिम सच्याइ टाँस भएको नामावलीमा कुनै उजूरी नपरे त्यस्तो नामावली निर्वाचनको निमित्त अन्तिम ठहरिनेछ ।

१०. निर्वाचनमा उम्मेदवार हुन चाहने व्यक्तिको दरखास्त र धरौट लिने र त्यस्तो दरखास्त दिने मिति, समय र स्थान तोक्नेः– (१) नियम ९ बमोजिम नामावलीको अन्तिम प्रकाशन भएको भोलिपल्ट रिटर्निङ्ग अफिसरले उम्मेदवारमा खडा हुन चाहने व्यक्तिले त्यस्तो उम्मेदवारको निमित्त खडा भएको व्यहोराको दरखास्त दिनु भनी र त्यस्तो दरखास्त दिने मिति, समय र स्थान तोकी सबैले देख्ने गरी त्यस इलाकामा ठाउँ ठाउँमा सूचना टाँसी सो कुराको झ्याली वा ढोल पिटाई जनाउ दिनुपर्छ, र त्यस्तो दरखास्तमा ने. रु. १।– एकको टिकट टांस्नु वा ने.रु. १।– एक नगदी नै नत्थी गर्नुपर्छ र दरखास्तसाथ ने.रु. २।– दुई धरौट बुझाउनु पर्छ ।

(२) एक वडाबाट एकजना उम्मेदवार निर्वाचित हुनेछ ।

(३) उपनियम (१) बमोजिमको सूचना गरिएपछि उम्मेदवार हुन चाहनेले आफै वा वारेसद्वारा सोही उपनियम (१) बमोजिम तोकिएको समयमा रिटर्निङ्ग अफिसरलेउ दरखास्त दिनुपर्छ र कुनै व्यक्ति एकभन्दा बढी वडामा उम्मेदवार भई खडा हुन पाउनेछैन ।

११. नियम १० अन्तर्गत परेको दरखास्त जांचबूझ गर्ने समय तोक्ने र त्यसमा हेर्नु र गर्नुपर्ने कुराः– (१) उम्मेदवारमा खडा हुन चाहेको व्यक्तिको नियम १० अन्तर्गत तोकिएको म्यादभित्र दरखास्त परेपछि रिटर्निङ्ग अफिसरले त्यस्तो दरखास्त जाँच्ने मिति, समय र स्थान तोक्नुपर्छ र त्यस्तो दरखास्तमा लेखिएको उम्मेदवारको नाम त्यस्तो वडाको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नामावलीमा दर्ता छ वा छैन जांचबूझ गरी ऐन बमोजिम निर्वाचनमा खडा हुन बाधा नदेखिएमा त्यस्तो उम्मेदवारलाई खडा हुन अनुमति दिनुपर्छ । र ऐन बमोजिम निर्वाचनमा खडा हुन बाधा देखिएमा बाधा देखिएको कुरा खुलाई उम्मेद्वार वा निजको वारेसलाई सोही कुराको सूचना दिनुपर्छ ।

(२) उपनियम (१) बमोजिम उम्मेदवारको नाम इत्यादि जांच्दा त्यसमा लेखाइको कुनै भूलले नामावलीमा दर्ता भएको कुनै व्यहोरासंग फरक भएको देखिएमा सो सच्याउन मौका दिनुपर्छ ।

(३) उपनियम (१) बमोजिम दरखास्तको जांचबूझ गर्दा त्यस कामको लागि निश्चित गरिएको मिति, समय र स्थानमा गर्नुपर्छ सो जांच हुँदा उम्मेदवारहरू वा निजको वारेस त्यस ठाउँमा बस्न सक्नेछ ।

१२. <u>उम्मेदवारले नाम फिर्ता लिने</u>:– कुनै उम्मेदवारले निजको दरखास्तको छानबीन नहुँदै वा छानबीन भएको १२ घण्टाभित्र उम्मेदवारको सूचीबाट आपनो नाम फिर्ता लिन चाहेमा सो व्यहोराको सूचना रिटर्निङ्ग अफिसरलाई दिई फिर्ता लिन पाउनेछ ।

१३. <u>निर्वाचनमा खडा हुन अनुमति पाएका उम्मेदवारहरूको नाम प्रकाशित हुने र निर्वाचन हुने समय र दिन तोक्ने</u>:– (१) निर्वाचनमा खडा हुने उम्मेदवारहरूको सूची तैयार भएपछि त्यस्तो सूची रिटर्निङ्ग अफिसरले गाउँसभाको इलाकामा ठाउँ ठाउंमा र सम्बन्धित वडामा समेत टांस्नुपर्छ ।

(२) रिटर्निङ्ग अफिसरले निर्वाचन हुने दिन र समय तोकी त्यसको सूचना त्यस गाउँसभाको इलाकामा ठाउँ ठाउँमा टाँसी सो कुराको झ्याली वा ढोल पिटाउनु पर्छ ।

(३) कुनै गाउँसभाको इलाकाभित्र पर्ने वडाको निर्वाचन सकभर एकै दिन सिध्याउनुपर्छ ।

## परिच्छेद–४

### मतलिने कामर मतदिने बारे

१४. <u>एकभन्दा बढी उम्मेदवार खडा भएमा मात्र निर्वाचन गराउने</u>:– (१) कुनै वडाबाट निर्वाचनमा खडाहुने उम्मेदवारहरूको संख्या एकभन्दा बढी भएमा रिटर्निङ्ग अफिसरले तोकिएको दिन र समयमा मतदानको काम शुरू गराउनुपर्छ ।

(२) कुनै वडाबाट एकजनामात्र उम्मेदवार खडा भएको रहेछ वा अरू उम्मेदवारहरूले नाम फिर्ता लिई वा नाम कटाई एकजनामात्र उम्मेदवार बांकी रहन आएको रहेछ भने मत लिने काम गर्नुपर्दैन । सो वडाबाट निज स्वतः निर्वाचित भएको मानिनेछ र सो कुराको घोषणा रिटर्निङ्ग अफिसरले तुरुन्त गर्नुपर्छ ।

323

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१५. मत लिंदाको:- (१) गाउँसभाको इलाकाभित्रको प्रत्येक वडामा मत दिने ठाउँ रिटर्निङ्ग अफिसरले तोकिदिनु पर्छ र त्यस्तो तोकिएको ठाउँको सूचना ढोल वा झ्यालीपिटी सूचित गर्नुपर्छ ।

(२) उपनियम (१) बमोजिम तोकिएको ठाउँलाई चारैतिरबाट डोरी वा अन्य कुनै चीजले घेरी एकतर्फ मात्र ढोका खोली मत दिने ठाउँ बनाउन पर्छ र त्यस्तो ढोकामा पोलिङ्ग अफिसरले मतदाताहरूको नामावलीको लगत ली बस्नेछ र निजसंग त्यस वडाबाट खडा भएको उम्मेदवारहरू वा निजका वारेसहरू बस्न सक्नेछन् ।

(३) पोलिंग अफिसरले एक एक गरी नामावलीबाट मतदाताको नाम जोर जोरले पढी सुनाउनेछ र त्यस्तो मतदाता उपस्थित भएमा निजलाई मत दिने ठाउँभित्र पस्न दिनेछ ।

(४) नियम १३ बमोजिम निर्वाचन हुने तोकिएको दिनको बेहान ८ बजेदेखि २ बजेसम्म मतदाताहरूलाई मत दिने ठाउँभित्र पस्न दिइनेछ र उक्त समयपछि मत दिने ठाउँको ढोका बन्द गरिनेछ ।

१६. मतदिने ठाउँमा प्रवेश गर्नेबारे:- (१) पोलिङ्ग अफिसरले भीड वा गोलमाल हुन नपाउने गरी यी नियमहरू बमोजिम मतदाताहरूलाई मत लिने ठाउँभित्र पस्न दिनुपर्छ र यी नियमहरू मा अन्यथा लेखिएकोमा बाहेक कुनै मतदाता मतदिन आउँदा काखमा भएका बच्चाबाहेक अरू कसैलाई मत लिने ठाउँभित्र पस्न दिनुहुँदैन ।

(२) पोलिङ्ग अफिसरले सकभर जनाना र मर्दाना मतदाताहरूको छुट्टाछुट्टै लाम लगाई आलो-पालोसंग मतदिने ठाउँमा प्रवेश गर्ने प्रबन्ध गर्नुपर्छ र मतदिने ठाउँभित्र पनि जनाना र मर्दाना मतदाताहरूको निमित्त बस्न सकभर भिन्दाभिन्दै खण्ड बनाउनुपर्छ ।

१७. नाम ढांटी मतदिन आएमा विरोध गर्ने:- (१) नियम १५ को उपनियम (३) बमोजिम मतदाताको नाम बाँची सुनाउँदा कुनै व्यक्ति त्यस्तो मतदाता म हो भनी उपस्थित भएमा र उम्मेदवार वा निजको वारेसले उपस्थित भएको त्यस्तो व्यक्ति नामावली बमोजिमको मतदाता होइन भनी विरोध गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम विरोध भएमा पोलिङ्ग अफिसरले सो कुराको सबूद प्रमाण बुझी ठाडो जांच गर्नुपर्छ र त्यस्तो जांच गर्दा निजको रायमा विरोध ठीक नठहरे निजले विरोध गरेको मतदातालाई मतदिने ठाउँभित्र जान अनुमति दिनुपर्छ र विरोध ठीक ठहरिएमा मतदिने ठाउँभित्र जान अनुमति दिनु हुँदैन ।

१८. मतदिने तरीका:- (१) नियम १५ को उपनियम (४) बमोजिम मतदिने ठाउँको ढोका बन्द गरिए पछि तत्पश्चात् पोलिङ्ग अफिसरले त्यस वडाबाट खडा भएका उम्मेदवार-

३२०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

हरूको नाम क्रमशः ली त्यस्तो उम्मेदवारको पक्षमा को को मतदाता छन् हात उठाउन लगाउनेछ ।

तर कुनै उम्मेदवारको पक्षमा पहिले नै बहुमत आएमा अरू उम्मेदवारहरूको निमित्त मत लिइरहन पर्दैन, त्यस्तो बहुमत पाएका उम्मेदवारलाई निर्वाचित घोषित गरिदिए हुन्छ ।

(२) प्रत्येक उम्मेदवारको पक्षमा उठेको हातको गिन्ती गरी त्यस्तो उम्मेदवारको पक्षमा परेको मतको संख्या लेख्नुपर्छ र त्यसरी आफ्नो पक्षमा पाएको मत उम्मेदवार आफैंले वा निजको वारेसले गिन्ती गर्न चाहेमा सो गिन्ती गर्न सक्नेछ र निज र अरू उम्मेदवारहरू वा निजहरूको वारिसहरूले त्यस्तो मत प्राप्त भएको कुरा लेखिएको कागजमा आफ्नो निस्सा लगाउन पर्छ ।

तर माथि लेखिए बमोजिम निजहरूले निस्सा नलगाएमा सो व्यहोरा खोली त्यस्तो कागजमा कम्तीमा २ जवान साक्षीको सहिछाप पोलिङ्ग अफिसरले गराउनु पर्छ ।

(३) हात उठाइ मतदिईसकेका मतदाताहरूलाई क्रमशः मतदिने ठाउँ भित्रबाट बाहिर हटाइनेछ ।

१९. मतदिने ठाउँमा उपस्थित हुनपाउने व्यक्तिहरूः– (१) यी नियमहरूमा अन्यथा लेखिएकोमा बाहेक मतदिने ठाउँमा देहायका व्यक्तिहरूबाहेक अरू कसैलाई बस्न दिन हुँदैन ।

(क) स्थानीय हाकिम,
(ख) रिटर्निङ्ग अफिसर,
(ग) पोलिङ्ग अफिसर र निर्वाचनमा खटिगएको अन्य कर्मचारीहरू,
(घ) उम्मेदवार वा निजको वारिस,
(ङ) मतदाताहरू–

(२) मतदिने ठाउँमा मत गन्ती गर्दा कुनै व्यक्तिले कुनै किसिमबाट सो काममा बाधा दियो भने पोलिङ्ग अफिसरले त्यस्तो व्यक्तिलाई मत गन्ती गर्ने ठाउँबाट बाहिर निकाल्न सक्नेछ ।

२०. बहुमत प्राप्त गर्ने निर्वाचित हुने र निर्वाचनको परिणाम प्रकाशित गर्नेः– (१) उम्मेदवारहरूले पाएको मत गन्ती गर्दा जसले सबभन्दा बढी मत पाएको छ त्यस्तो व्यक्ति त्यस्तो वडाबाट निर्वाचित भएको मानिनेछ ।

(२) कुनै वडाबाट खडा भएको उम्मेदवारहरूले बराबर मत प्राप्त गरेमा गोला प्रथाबाट निर्णय गरिनेछ ।

(३) यी नियमहरू बमोजिम निर्वाचित भएको उम्मेदवारको नाम सबैले देख्ने गरी त्यस इलाकामा ठाउँ ठाउँमा टांस्नुपर्छ र त्यसको एक एक प्रति जिल्ला बडाहाकिम र डाइरेक्टरछेउ पठाउनुपर्छ ।

३२९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद—५

### विविध

२१. संकट कालमा मतलिने कामः— कुनै गाउँसभाको इलाका वा कुनै वडाको मतदिने ठाउँमा हूल दङ्गा भई मतदानको काममा बाधा अड्काउ भएमा वा प्राकृतिक विपदले मतलिन असम्भव भएमा त्यस इलाका वा वडाको मतदानको काम स्थगित गरी रिटर्निङ्ग अफिसरले त्यस इलाका वा वडाको मतदिने अर्को दिन तोकी माथि लेखिएका नियमहरू बमोजिम निर्वाचन सम्पन्न गराउनुपर्छ।

२२. स्थानीय हाकिमको काम र कर्तव्यः— माथि उल्लेख गरिएका नियमहरूमा व्यवस्था गरिएका अतिरिक्त स्थानीय हाकिमको देहाय बमोजिमको काम कर्तव्य हुनेछः—

(१) यी नियमहरू बमोजिम निर्वाचन राम्रो र पक्षपातरहित तरीकाले गराउने।

(२) रिटर्निङ्ग अफिसर खटाउने र सो उपर नियन्त्रण राख्ने।

(३) रिटर्निङ्ग अफिसर र पोलिङ्ग अफिसरको नियुक्ति गर्ने।

२३. धरौट जफत हुनेः— कुनै उम्मेदवारले आफू खडा भएको वडाको निर्वाचनमा जम्मा मतको दश प्रतिशतभन्दा कम मत प्राप्त गरेमा नियम १० अन्तर्गत जम्मा गरेको धरौट जफत हुनेछ।

२४. रिटर्निङ्ग अफिसरको काम कर्तव्यः— माथि उल्लेख गरिएका नियमहरूमा व्यवस्था गरिएका अतिरिक्त रिटर्निङ्ग अफिसरको देहाय बमोजिमको काम कर्तव्य हुनेछः—

(१) निर्वाचनसम्बन्धी कामको रेखदेख गर्ने।

(२) पोलिङ्ग अफिसर खटाउने।

(३) पोलिङ्ग अफिसरहरू उपर रेखदेख र नियन्त्रण राख्ने।

(४) विभिन्न वडाबाट निर्वाचित भएका उम्मेदवारको सूची तैयार पार्ने र सो प्रकाशन गर्ने गराउने।

(५) सुचारुरूपले निर्वाचन सञ्चालन गर्न चाहिंदो प्रबन्ध गर्ने।

२५. धरौट फिर्ता हुनेः— कुनै उम्मेदवारले नियम १२ बमोजिम आफ्नो नाम फिर्ता लिएमा वा ऐन बमोजिमको अयोग्यताको कारणबाट निर्वाचनमा खडा हुन अनुमति नपाएमा वा निर्वाचन हुनुभन्दा अगावै मरेमा वा आफू खडा भएको वडाबाट जम्मा मतको दश प्रतिशत वा सोभन्दा बढी मत पाएमा नियम १० अन्तर्गत निजले जम्मा गरेको धरौट फिर्ता पाउनेछ।

२६. उप–निर्वाचनः— (१) गाउँसभाको कुनै वडाको निर्वाचित सदस्यको स्थान खाली भएमा त्यस्तो खाली स्थानको पूर्तिको लागि निर्वाचन गराउनुपर्छ र रिक्त स्थानको निर्वाचनमा ऐन र यी नियमहरूका सबै कुरा लागू हुनेछन्।

३३२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (१) बमोजिमको रिक्त स्थानको सूचना गाउँ पञ्चायतले डाइरेक्टरलाई दिनुपर्छ।

२७. **पोलिङ्ग अफिसरको काम कर्तव्यः–** माथि उल्लेख गरिएका नियमहरूमा व्यवस्था गरिएका अतिरिक्त पोलिङ्ग अफिसरको देहाय बमोजिमको काम कर्तव्य हुनेछः–

(१) मतदिने ठाउँभित्र मतदाताहरूलाई पस्न अनुमतिदिने।

(२) नामावली बमोजिमको मतदाता हो वा होइन यकीन गर्ने।

(३) मतदिने ठाउँको सयगज वर पर उम्मेदवार वा निजको प्रतिनिधि वा अरू कुनै व्यक्तिको निमित्त मत माँग्न नदिने व्यवस्था गर्ने।

(४) तोकिएको समय खतम भएपछि मतदिने ठाउँको ढोका बन्द गराउन लगाउने र मतलिने काम शुरू गर्ने र मतलिने काम सकिएपछि मतको नतिजा लेखी आफ्नो र उम्मेदवारहरू वा निजको वारेसहरूले लगाएको निस्सासमेतको प्रति रिटर्निङ्ग अफिसरछेउ बुझाउने।

२८. **निर्वाचनको काममा खटिएका अफिसरले मतदानको काममा प्रभाव नपार्नेः–** स्थानीय हाकिम, रिटर्निङ्ग अफिसर, पोलिङ्ग अफिसर वा निर्वाचनको काममा खटिएका कुनै कर्मचारीले निर्वाचनको काम गर्दा आफूले मत दिने काम बाहेक कुनै उम्मेदवारलाई सफल वा असफल गराउने कुनै किसिमको काम गर्न हुँदैन।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची

फाराम नं. (क)

| गाउँसभाको नाम | गाउँसभाको इलाकाभित्र पर्ने गाउँ वा गाउँहरूको नाम | गाउँसभाको चारकिल्ला हद सीमाना | जनसंख्या | जिल्ला | स्थानीय हाकिमको ठहर–आदेश |
|---|---|---|---|---|---|
| | | | | | |

आज्ञाले–
कुलशेखर शर्मा
श्री ५ को सरकारका सचिव,
विकास–मन्त्रालय ।

३३८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार